# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९ ) काठमाडौं, पुस १ गते २०६६ साल (अतिरिक्ताङ्क ४१


## भाग ३

### नेपाल सरकार

### गृह मन्त्रालयको सूचना

### प्रहरी (सोह्रौं संशोधन) नियमावली, २०६६

प्रहरी नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो नियमहरूको नाम "प्रहरी (सोह्रौं संशोधन) नियमावली, २०६६" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. प्रहरी नियमावली, २०४९ को नियम ९८ मा संशोधनः प्रहरी नियमावली, २०४९ को नियम ९८ को उपनियम (४) र (४क) झिकिएका छन् ।"

३. स्वतः अवकाश हुनेः यो नियमावली प्रारम्भ हुनुअघि तीस वर्ष सेवा अवधि पूरा भई सेवा अवधि थप गरिएको प्रहरी कर्मचारीको सेवा अवधि जतिसुकै बाँकी रहेको भए तापनि यो नियमावली प्रारम्भ भएपछि निजले सरकारी सेवाबाट स्वतः अवकाश पाउनेछ ।

आज्ञाले,

प्रेम कुमार राई

नेपाल सरकारको नि. सचिव


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-

मुद्रण विभाग, सिंहदरबार

332

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।